# स्थानीय राजपत्र

त्रिपुरासुन्दरी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः ३०

माघ २० गते, २०७७


**भाग–२**

**त्रिपुरासुन्दरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिस्कर, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

नेपालको संविधानको धारा, २२१ को उपधारा (१) बमोजिमको त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ सभाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७७ सालको कार्यविधि संख्या १

## त्रिपुरासुन्दरी गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना:**

गाउँपालिकामा संचालन हुने योजना तथा कार्यक्रमहरू प्रभावकारी, व्यवस्थित, दीर्घकालिन, वस्तुनिष्ठ, पारदर्शीता, गुणस्तरीय तथा जनमुखी बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी त्रिपुरासुन्दरी गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम त्रिपुरासुन्दरी गाउँपालिका "अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।
(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:**– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।
(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।
(ग) "कार्यपालिका" भन्नाले त्रिपुरासुन्दरी गाउँ कार्यपालिका सम्झनुपर्छ ।
(घ) "गाउँपालिका" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका भन्ने सम्झनु पर्छ ।
(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।
(च) "वडा अध्यक्ष" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका अन्तर्गत रहेको वडाका अध्यक्षलाई सम्झनु पर्छ ।
(छ) "कार्यपालिका सदस्य" भन्नाले त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाका सदस्यलाई सम्झनु पर्छ ।
(ज) "वडा सदस्य" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका वडाका सदस्यलाई सम्झनु पर्छ ।
(झ) "वडा" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिकाको वडा सम्झनुपर्छ ।
(ञ) "सभा" भन्नाले त्रिपुरासुन्दरी गाउँसभालाई सम्झनुपर्छ ।
(ट) "योजना/कार्यक्रम" भन्नाले गाउँपालिका भित्र संचालित आयोजना/कार्यक्रमलाई सम्झनु पर्छ ।



(ठ) "अनुगमन" भन्नाले यस गाउँपालिकाले सञ्चालन गरेका आयोजना, नीति तथा कार्यक्रमहरूको लागत, गुणस्तर एवं कार्यान्वयनको अवस्थाको जाँचबुझ, निरीक्षण एवं लेखाजोखा गर्दै देखिएका कमीकमजोरीहरूको पहिचान गरी सम्बन्धित निकायमा सुधार सहितको प्रतिवेदन पेश गर्ने कार्यलाई जनाउँदछ । साथै सो शब्दले यस गाउँपालिका भित्र रहेका वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय लगायतका यस्तै प्रकृतिको कार्य गर्न स्थापित संस्थाहरूको अवलोकन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्य समेतलाई जनाउँदछ ।
(ड) "अनुगमन समिति" भन्नाले यस गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरूको रेखदेख, निरीक्षण, अवलोकन, अनुगमन तथा मुल्यांकन गर्न गठित समितिलाई सम्झनु पर्छ । सो शब्दले यस गाउँपालिका भित्र रहेका वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू, विद्यालय लगायतका यस्तै प्रकृतिका कार्यालयहरूको निरीक्षण गर्न गठित समिति समेतलाई जनाउँदछ ।

**३. कार्यविधिको पालना गर्नुपर्ने:**–

१. गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाको रेखदेख तथा अनुगमन गर्न गठित समितिले पूर्णरूपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

२. गाउँपालिका भित्र रहेका वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू, विद्यालयहरू तथा यस्तै अन्य प्रकृतिका कार्यालयहरूको अनुगमन गर्न गठित समितिले पूर्ण रूपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

## परिच्छेद - २

**४. अनुगमन समितिको गठन सम्बन्धी व्यवस्था:**

१. अनुगमन समितिको गठन देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) आयोजनाको अनुगमन समिति गठन गर्दा यस गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्ष वा कार्यालयले तोकेको पदाधिकारीको संयोजकत्वमा समिति गठन गर्नुपर्नेछ ।

(ख) अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनुपर्नेछ ।

१. गाउँपालिकाका उपाध्यक्ष – संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत – सदस्य

३. लेखा प्रमुख– सदस्य

४. प्राविधिक (इञ्जिनियर) – सदस्य

५. भौतिक पूर्वाधार समितिको संयोजक – सदस्य

६. सम्बन्धित वडाको वडाध्यक्ष वा वडासदस्य १ जना – सदस्य

७. योजना अधिकृत – सदस्य- सचिव

२. वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय लगायत यस्तै प्रकृतिका अन्य कार्य गर्न स्थापित संस्थाहरूको अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनु पर्नेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत – संयोजक

२. लेखा प्रमुख – सदस्य

३. प्रशासन शाखा प्रमुख – सदस्य

४. सम्बन्धित शाखाको प्रमुख – सदस्य-सचिव

३. अनुगमन समितिमा बढीमा ५० प्रतिशत सम्म आमन्त्रित व्यक्ति, पदाधिकारी वा कर्मचारी राख्न सकिनेछ ।



अनुगमन समितिको काम, कर्तव्य र अधिकारः–

१. अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस गाउँपालिका भित्र सञ्चालन भएका आयोजनाहरूको सञ्चालन, कार्यान्वयन, व्यवस्थापन, गुणस्तर तथा मर्मत संभार सम्बन्धी कार्यको नियमन, निरिक्षण, अवलोकन गर्ने वा गराउने,

(ख) आयोजनामा देखिएका कमी कमजोरीहरू पत्ता लगाई सुधारका उपाय सहितको सुझाव दिने,

(ग) वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय लगायतका यस्तै कार्यालयबाट गरिने कार्यालयहरूको अनुगमन, मुल्यांकन, अवलोकन, निरीक्षण गर्ने वा गराउने,

(घ) अनुगमनमा देखिएका विवरणहरू अनुसुची १ बमोजिमको ढाँचामा तयार गरी गाउँकार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्ने,

(ङ) सम्झौतामा तोकिए बमोजिमको कार्य नगर्ने उपभोक्ता समितिलाई आवश्यक निर्देशन दिन सक्ने, निर्देशन दिदाँ समेत उक्त कार्य नगरेमा गरेको कामको मुल्यांकन गरेर मात्र भुक्तानी दिन सिफारिस गर्ने,

(च) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

अनुसुची - १(क)

कार्यविधिको दफा - ५ (घ) सगँ सम्बन्धित

## त्रिपुरासुन्दरी गाउँपालिकाको अनुगमन प्रतिवेदन फारामको ढाँचा

### १.संक्षिप्त विवरण

| | |
|---|---|
| आयोजनाको नाम: | |
| आयोजनाको ठेगाना:: | |
| उपभोक्ता समितिको अध्यक्षको नाम: | |
| उ.स.को सदस्य संख्या | |
| लाभान्वित घरधुरी: | |
| सम्झौता मिति: | |
| सम्पन्न मिति: | |

### २.चेक लिष्ट

| सि.नं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | आयोजनाको विवरण | | | |
| २ | विधि सम्मत निर्णय प्रक्रिया | | | |
| ३ | कामको बाडँफाडँ | | | |
| ४ | विधि सम्मत आर्थिक कारोबार | | | |
| ५ | सार्वजनिक लेखापरीक्षण | | | |
| ६ | लक्ष्य अनुसारको प्रगति | | | |
| ७ | अन्य निकायबाट नगद तथा जिन्सी सहयोग प्राप्ति | | | |



### ३. अनुगमनको क्रममा भेट भएका स्थानीय व्यक्तिहरु तथा आयोजनाको बारेमा उनीहरुको संक्षिप्त रायः

| स्थानीय व्यक्तिको नाम थर | राय |
|---|---|
| | |
| | |
| | |
| | |

### ४.अनुगमनको प्राप्ति र सुझावः

### ५. अनुगमनकर्ताहरुः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

६. अनुगमन मितिः

प्रमाणिकरण मितिः २०७७/१०/२०

आज्ञाले,
चन्द्रदिप बराल
प्रमुख प्रशासकीय अधिकृत